स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

पुल्चोक, ललितपुर

३० औं कार्यकारिणी परिषद्
२०७०-०७२

अध्यक्ष
ई. ध्रुवराज थापा
९७५१०६३४८७ (मो.)
dhrubatuna@yahoo.com

उपाध्यक्ष
ई. अरविन्द कुमार गुप्ता
९८४१३०५२२६ (मो.)
kiranarvind@gmail.com

महासचिव
ई. किशोर कुमार झा
९८५१०२५६०० (मो.)
kkjha.multinepal@gmail.com

उपमहासचिव
ई. दिनेश चन्द्र पन्थी
९८५१०७०९१२ (मो.)
dineshpanthy@gmail.com

कोषाध्यक्ष
(आ.) ई. विन्दु श्रेष्ठ
९८५११८७९८९ (मो.)
shresthabindu@gmail.com

सदस्यहरु
ई. मन्दीप सुवेदी
९८५११२४१९२ (मो.)
mandip.subedi@gmail.com

ई. शंकर प्रसाद पण्डित
९८५११६१२०० (मो.)
shankarpandit2002@gmail.com

ई. विश्वराज काफ्ले
९८५१०८३३६५ (मो.)
bishorajkafle@gmail.com

ई. दिपेन्द्र मिश्र
९८५१००४७६९ (मो.)
dipendradai@hotmail.com

ई. प्रमोद दवाडी
९८४१२८८५२६ (मो.)
dawadip@gmail.com

ई. कृष्ण सिँह बस्नेत
९८५१०४५३१९ (मो.)
krishnasinghbasnet@gmail.com

ई. निरण महर्जन
९८५११०८५१८ (मो.)
tishaess@hotmail.com

ई. सचिन्द्र कुमार देव
९८४१३६०७३३ (मो.)
deosachindra@yahoo.com

ई. विन्दु अधिकारी
९८४१९०५०३५६ (मो.)
sweetbindu.9@gmail.com

ई. अम्विकेश कुमार झा
९८४१२९०६८७ (मो.)
ambikeshjha@yahoo.com

मिति : २०७२/०५/१०

## नेपाल ईन्जिनियर्स एशोसिएसनको

## प्रेस विज्ञप्ति

नेपाली जनताको ठूलो त्याग र वलिदानद्धारा प्राप्त भएको संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि संविधान निर्माणको कार्य अन्तिम चरणमा पुगेको अवस्थामा देशका विभिन्न स्थानमा भएका हिंसात्मक गतिविधि तर्फ नेपाल इन्जिनियर्स एशोसिएसनको ध्यानाकर्षण भएको छ ।

प्रस्तावित संघीय सीमांकन वा संबिधानका मस्यौदाप्रति असन्तुष्ट राजनैतिक दल र बिभिन्न सरोकारवाला संघ सस्थाहरुसंग लोकतान्त्रिक प्रकृया, पद्दती सहितका शान्तिपूर्णरुपमा बिरोध जनाउने आधिकार हुँदा हुँदै मुलुकका केही स्थानमा अराजक स्थितिको सृजना हुनु दूर्भाग्यपूर्ण हो यसले इन्जिनियर समुदायलाई अत्यन्तै चिन्तित तुल्याएको छ ।

२०७२ वैशाख १२ मा गएको महाभूकम्पबाट हुन गएको अपुरणीय जनधनको क्षतिबाट मर्माहत भएको नेपाली समाज पूननिर्माण तथा पुर्नस्थापनाको महान अभियान मार्फत समुन्नत नेपालको निर्माण गर्ने कार्यमा होमिनु पर्ने अहिलेको टड्कारो अवस्थामा बन्द आम हड्ताल जस्ता कार्यक्रमले गर्दा विकास निर्माणका कार्यहरु प्राय ठप्पको आवस्थामा पुगेको छ र नेपाल र नेपाली प्रति वैदेशिक सद्भाव एवं लगानीको ठूलो हिस्सा संकटमा परेको छ । समयमा नै विकासका कार्यक्रमहरु संचालन भई सम्पन्न हुन नसकेमा नेपाली जनताले भविष्यमा थुप्रै चुनौतिको सामना गर्नु पर्ने हुन्छ । **“विनाशलाई विकासमा रुपान्तरण”** गर्नका लागि **Build Better Nepal** को लक्ष्य सहित राज्यले अपनाएको नीति तथा कार्यक्रमलाई सघाउन नेपाल इन्जिनियर्स एशोसिएसन पूर्णरुपमा प्रतिवद्ध छ ।

नेपाली जनताको लामो प्रतिक्षा पछि मुलुकले नयाँ संबिधान प्राप्त गर्न लागेको सुनौलो अवसरलाई सदुपयोग गर्दै अत्यन्त संयमता र जिम्मेवारीका साथ सामाजिक सद्भाव कायम राख्दै वार्ताद्धारा सहमतिमा पुगी सबिंधान सभाबाटै निकास खोज्न हामी सम्बद्ध राजनैतिक दल तथा सरोकारवाला पक्षसंग हार्दिक अनुरोध गर्दछौं । भावी सन्ततीको लागि विकासका किरणहरु छर्ने स्वच्छ तथा निर्मल आकाशलाई स्वागत गर्न सबै नेपालीलाई सुअवसर प्राप्त होस् भन्ने उद्देश्यका साथ देशमा अमन चयन, शान्ती, आपसी सद्भाव तथा सहयोगको वातावरणको सृजना गर्न सबै क्षेत्रबाट प्रभावकारी भूमिका निर्बाह गर्न हार्दिक अनुरोध गर्दै पूननिर्माण तथा पुर्नस्थापनाका कार्यमा एक भै जुट्न समेत समाजका सबै अङ्गहरुलाई हार्दिक अपिल गर्दछौं ।

ई. किशोर कुमार झा
महासचिव

ई. ध्रुवराज थापा
अध्यक्ष